म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ४६ शुक्रबार २८ भदौ २०८१ ने. सं. ११४४ ञलाथ्व 13 September 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं ।
चाडपर्वमा फजुल खर्च नगरौं ।

हाम्रा सांस्कृतिक पर्वहरुको जगेर्ना गरौं ।
मद्यपान र जुवातासजस्ता
विकृतिको अन्त्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# नगरको 'आक्रामक' अनुगमन, दुई होटललाई २५-२५ हजार जरिवाना

साझाकुरा संवाददाता

हेटौंडा, २७ भदौ/हेटौंडा उपमहानगरपालिकाको नेतृत्वमा चाडपर्व लक्षित बजार अनुगमन सुरु भएको छ । हेटौंडा उपमहानगरपालिका कार्यालय, जिल्ला प्रशासन कार्यालय, खाद्यप्रविधि तथा गुणनियन्त्रण कार्यालय, घरेलु उद्योग वाणिज्य कार्यालय र उपभोक्ता हितसंरक्षण मञ्चको संयुक्त बजार अनुगमन सुरु भएको हो ।

यसपालीदेखि बजार अनुगमनलाई विगतमा भन्दा फरक बनाइएको छ । उपमहानगर पालिकासहित सरोकारवाला निकायले बजार अनुगमनलाई 'आक्रामक' बनाएका छन् । अर्थात, कमजोरी देखिए ठाउँकोठाउँ कारबाही गरेर जरिवाना तिराइने भएको छ । विगतमा बजार अनुगमनबाट फर्किएर कार्यालयमा कमजोरीका दृष्टिले कस्तो कारबाही गर्ने भन्ने निर्णय हुने गरेको थियो । यसो हुँदा कमजोर कारबाही र बजार अनुगमनको प्रभावकारितामाथि प्रश्न उठ्ने गरेको थियो ।



तर, बिहीवारबाट सुरु बजार अनुगमनले भने कमजोरी देखिए ठाउँकोठाउँ कारबाही गर्दै जरिवाना तिराएको हो । हेटौंडामा वर्षौंदेखि सञ्चालनमा आएको हेटौंडा-४, पारिजातपथस्थित दाजुभाइ फाष्टफुडलाई संयुक्त बजार अनुगमनको क्रममा उपमहानगर पालिकाले २५ हजार जरिवाना गराएको छ । चितवनको शाखाको रुपमा रहेको पारिजातपथकै वैष्णव होटललाई पनि २५ हजार नै जरिवाना गराइएको छ । यी दुई होटललाई सात दिनभित्र उपमहानगर पालिका कार्यालयमा जरिवाना तिर्न पत्र काटिएको छ ।

दाजुभाइ फाष्टफुडमा भान्सा फोहोर भएको, म:म बनाउन ल्याइएको बन्दा कुहिएको अवस्थामा अव्यवस्थितसँग राखिएकोलगायतको कमजोरी फेला परेको थियो । दाजुभाइ फाष्टफुडका सञ्चालक राजकुमार गौतमलाई आज शुक्रबार १० बजे कार्यालयमा अनिवार्य उपस्थित हुन अनुगमन समितिले निर्देशन दिएको छ । दाजुभाइको खोपेगल्लीमा रहेको मिठाईको भान्सामा फोहोरको ढल निकास नगरी नजिकै मिठाई बनाइरहेको अनुगमन टोलीले फेला पारेको थियो । भान्सा सुधार गर्न निर्देशन दिइएको उपमहानगरको उद्योग, पर्यटन, सहकारी शाखाप्रमुख हिमप्रसाद पौडेलले जानकारी दिए ।

यसैगरी, वैष्णव होटलले कालो ढुसी परेको पाउरोटी बिक्रीका लागि राखेको अनुगमन टोलीले फेला पारेको थियो । वैष्णवमा भान्सा सर सफाई नगरिएको, उद्योग वाणिज्य कार्यालयमा दर्ता नगरी व्यवसाय सञ्चालन गरेको, बिक्रीका लागि राखिएका खाद्यवस्तुको लेबलिङ उपयुक्त तरिकाले नराखेको भेटिएको थियो । वैष्णव होटलले चितवनबाटै म:मलगायतका तयारी खाद्यवस्तु हेटौंडा ल्याएर बिक्री गर्ने खुलेको छ । पारिजातपथमै अनमोल होटलको भर्खरै सञ्चालनमा आएको भनिएको नयाँ होटललाई सचेत गराइएको छ ।

बजार अनुगमनको नेतृत्व उपमहानगरको आर्थिक विकास महाशाखाअन्तर्गतको उद्योग, पर्यटन, सहकारी शाखा प्रमुख पौडेलले गरेका थिए । अनुगमनमा जिल्ला प्रशासन कार्यालय मकवानपुरका दीपक पौडेल, खाद्यप्रविधि तथा गुण नियन्त्रण कार्यालयका खाद्यनिरीक्षक दीपक घिमिरे, घरेलु उद्योग वाणिज्य कार्यालयप्रमुख रामप्रसाद भुषाल, उद्योग वाणिज्य संघ, उपभोक्ता हितसंरक्षण मञ्चका केन्द्रीय उपाध्यक्ष बासु खतिवडा, मकवानपुर उद्योग वाणिज्य संघका पवन कार्की लगायतको उपस्थिति रहेको थियो ।

'अब हामीले अनुगमनकै क्रममा जरिवाता तिराउँछौं । यसो हुँदा अनुगमनको पनि प्रभावकारिता हुन्छ । यसअघि धेरै पटक सचेत गराउँदा पनि होटल सञ्चालकहरु अटेरी बनिरहेका छन् । उपमहानगर पालिकाले कारबाहीलाई पनि झन बलियो बनाएर जान्छ,' पौडेलले भने । उपभोक्तालाई ढुक्कसँग खाद्यवस्तु उपभोग गर्न सक्ने वातावरण निर्माणको लागि उपमहानगरपालिका लागिपरेको पौडेलले बताए । उनले बजार अनुगमनलाई तीव्रता दिइने बताए ।

आमउपभोक्ताले बजार अनुगमनलाई चाडपर्व लक्षित मात्रै नगरी निरन्तर हुनुपर्ने माग गरेका छन् । पारिजाथपथमै अनुगमनका क्रममा भेटिएका उपभोक्ता विष्णु सिलवालले यसलाई चाडपर्वमा मात्र नभई सम्भव भए हरेक दिन वा हप्तामा २ दिन गरिनुपर्ने बताउँछन् । सिलवालले बजारको अस्वस्थ्य प्रतिस्पर्धाले उपभोक्ता ठगिने मात्र नभई स्वास्थ्यलाई प्रतिकुल असर पार्ने अखाद्यवस्तुको उपभोग गर्न बाध्य भएको गुनासो गरे । अखाद्यवस्तु नभएको कुनै खानेकुरा नै नहुने गरेकोले चिन्तित बसन्त न्यौपानेलाई बजार अनुगमन नियमित भए यसको नियन्त्रण हुने विश्वास छ ।

सरकारले विभिन्न निकायसँग समन्वय गरेर गर्ने बजार अनुगमन नाम मात्रैको अनुगमन हुने गरेको पाइएको उनीहरुले गुनासो गरे । अनुगमनका क्रममा व्यापारी तथा व्यवसायीलाई दिएको निर्देशन कार्यान्वयन नभएपछि नाम मात्रैको बजार अनुगमनमा सीमित हुने गरेका छन् ।

# आशा विशेष पाठशालाप्रति मन्त्री काफ्लेको प्रतिबद्धता

साझाकुरा संवाददाता

हेटौंडा, २७ भदौ/ हेटौंडा-७ स्थित आशा विशेष पाठशाला तथा पुनस्थापना केन्द्रको व्यवस्थापनमा आफूले सहयोग गर्ने बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्लेले बताएका छन् ।

शारीरिक अशक्त बालबालिकाको लागि सरकारले गर्नुपर्ने दायित्व आशा विशेष पाठशालाले निर्वाह गरेको बताउँदै मन्त्री काफ्लेले आगामी दिनमा आफूले नीतिगतरुपमै सहयोग गर्ने बताए । बिहीबार भवन उद्घाटन कार्यक्रममा बोल्दै मन्त्री काफ्लेले अशक्त बालबालिकाको क्षेत्रमा आशा विशेष पाठशालाले गरेको कामको प्रसंशा गरे । आउँदो दिनमा प्रदेश सरकारले नीतिमा आधारित बजेट छुट्टयाउने प्रतिबद्धता समेत उनले प्रकट गरे ।

'कस्तो विडम्बना छ, एकातिर नेपाली युवाको विदेशिने लहर छ । अर्कोतिर विदेशी चेलीले हाम्रो देशमा आएर समाज सुधार अभियान चलाइरहेकी छन्, मन्त्री काफ्लेले भने, 'अब हाम्रो देश बनाउनेतर्फ सरकारसँगै युवाले पनि हातेमालो गर्न जरुरी छ ।' हाल आशा फाउण्डेशनले हेटौंडासँगै ललितपुरको सानेपामा आशा विशेष पूर्वव्यवसायिक शिक्षा तथा सीपमूलक तालिम केन्द्र सञ्चालन गरी १८ वर्ष माथिका शारीरिक तथा बौद्धिक अपाङ्गता भएका विद्यार्थीलाई शिक्षा प्रदान गर्दै आएको छ ।

जन्मजात बौद्धिक अपाङ्ग भएका बालबालिकाको संरक्षण, हेरचाह, शिक्षालगायतको काम गर्दै आएको आशा विद्यालयलाई बागमती प्रदेश सरकार र आर्थिक मामिला मन्त्री काफ्लेको प्रतिबद्धता अनुसार आवश्यक सहयोग प्राप्त हुने कुरामा आफूहरु विश्वस्त रहेको आशा विशेष पाठशालाका अध्यक्ष बालकृष्ण चौलागाईले बताए । आशा विशेष पाठशाला तथा पुनर्स्थापना केन्द्रको सञ्चालक संस्था सि आशा फाउन्डेशनकी संरक्षक आइना बार्का पढाइको सिलसिलामा पहिलो पटक सन् २०१२ मा नेपाल आएकी थिइन् ।



युनिभर्सिटी अफ बार्सिलोनामा 'सोसल वर्क' पढिरहेकी आइना त्यतिबेला २१ वर्षकी रहेको उनी बताउँछिन् । आफ्नो देशमा पनि बौद्धिक अपाङ्गता भएकाहरुसँग काम गरिरहेकी आइना यस्तै व्यक्तिबारे थप जानकारी लिने उद्देश्यले नेपाल आएकी बताइन् । तर, पहिलोपटक नेपाल भ्रमण गरेपछि उनको जीवन नै परिवर्तन भएको आइनाको भनाइ छ ।

PEAK GRAND OPENING ERKE
असोज १ गतेबाट हजुरहरुमाझ
Peak & Erke authorised showroom
D next dress up
हेटौंडा-१०, राप्तीरोड
राजक शाही
मोबाइल नम्बर ९८५५०७०१५६

# मकवानपुरमा थप २४ जनामा डेंगु पुष्टि

साझाकुरा संवाददाता

हेटौंडा, २७ भदौ/ मकवानपुरमा पछिल्लो २४ घण्टामा थप २४ जनामा डेंगु संक्रमण पुष्टि भएको छ । जिल्लाको हेटौंडा उपमहानगरपालिकामा २३ र मनहरी गाउँपालिकामा एक जना गरी थप २४ मा डेंगु पुष्टि भएको हो ।

यससँगै जिल्लामा डेंगु संक्रमितको संख्या ३ सय ७० जना पुगेको छ । जसमा १ सय ८७ जना पुरुष र १ सय ८३ जना महिला रहेका छन् ।

यो तथ्यांक साउन १ गतेदेखि बिहीबर दिउँसोसम्मको रहेको जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । यो अवधिमा सबैभन्दा धेरै हेटौंडा उपमहानगरपालिकामा डेंगु संक्रमित फेला परेका छन् । त्यहाँ १ सय ४७ पुरुष र १ सय ४८ महिला गरी २ सय ९५ जनामा डेंगु पुष्टि भएको हो ।

यसैगरी, थाहा नगर पालिकामा एक जना पुरुष, मकवानपुरगढी गाउँपालिकामा १० पुरुष र ७ महिला गरी १७ जना, बागमती गाउँपालिकामा एक जना पुरुष, कैलाश गाउँपालिकामा ३ पुरुष, मनहरी गाउँपालिकामा १५ पुरुष र १२ महिला गरी २७ जनामा डेंगु संक्रमण पुष्टि भएको छ ।

यसैगरी, बकैया गाउँपालिकामा ४ पुरुष र ५ महिला गरी ९ जना, भीमफेदी गाउँपालिकामा तीन पुरुष र ६ जना महिला गरी ९ जना, ठेगाना नखुलेको एक महिला र अन्य जिल्लाका ३ पुरुष र ४ महिला ७जनामा डेंगु संक्रमण पुष्टि भएको छ । राक्सिराङ गाउँपालिकामा भने हालसम्म डेंगु संक्रमित नभेटिएको जनाइएको छ ।

# कांग्रेस बागमती प्रदेश महिला समितिलाई पूर्णता

साझाकुरा संवाददाता

हेटौंडा, २७ भदौ/नेपाली कांग्रेस बागमती प्रदेशको महिला समितिले पूर्णता पाएको छ । पार्टी सह-महामन्त्री जीवन डंगोल संयोजक रहेको २७ सदस्यीय महिला समितिलाई पूर्णता दिइएको हो ।

कांग्रेस बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँले बिहिबार समितिको सदस्यलाई नियुक्ति गर्दै प्रमाणपत्र वितरण गरेका हुन् । समितिमा बागमती प्रदेशका १३ जिल्लाका प्रतिनिधिमूलक महिलालाई समेटिएको छ । समितिको सदस्यहरुमा बागमती प्रदेशसभा सदस्य यांकिला शेर्पा सहित डा.शुष्मा बराल, राज्यलक्ष्मी पाँडे श्रेष्ठ, कल्याणी खड्का, गीताकुमारी न्यौपाने, अनुपा श्रेष्ठ, शान्ता कार्की, अप्सरा थापालगायत रहेका छन् ।

समितिको सदस्य सचिवमा दया लामिछाने मैनालीलाई नियुक्त गरिएको छ । समितिलाई प्रमाणपत्र हस्तान्तरण कार्यक्रममा सभापति बानियाँलगायत कांग्रेस बागमती प्रदेशका पदाधिकारीको उपस्थिति रहेको पार्टीका मुख्यसचिव राजु नेपालले जानकारी दिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर
वायरिङ मर्मत
मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

HetaudaCityCollege.edu.np
ADMISSION OPEN



" First IT College In Makwanpur "
BSc.CSIT | BCA | BBS
Register Now
HETAUDA CITY COLLEGE (Affiliated to TU)
Hetauda - 5, Piple, Makwanpur
9855077417, 9855067435, 9855069444
Hetaudacitycollege@gmail.com

साझाकुरा

## हाम्रो कुरा

# हेटौँडा कपडा उद्योग: जनतालाई 'घाँस' हाल्ने एजेण्डा

हेटौंडा कपडा उद्योग संचालन गर्ने भनेर बारम्बार चर्चा गरिन्छ । निर्वाचनतचाका कपडा उद्योग भाषणका लागि 'हटकेक' बनाइन्छ । संघीय सरकारको उद्योगमन्त्री फेरिनेबित्तिकै हेटौंडा कपडा उद्योग अनुगमन गरिन्छ र छिट्टै संचालनमा ल्याउने प्रतिबद्धता जनाइन्छ । तर, बिज्ञको अध्ययनले यथास्थितिमा हेटौंडा कपडा उद्योग कुनैपनि हालतमा संचालन गर्न नसकिने प्रतिबेदन तयार गरिन्छ । हेटौंडा कपडा उद्योग संचालन गर्ने भनेर सर्वसाधारण जनतालाई कहिलेसम्म 'घाँस' हाल्ने हो ? संघीय सरकारले दुई दसकदेखि हेटौंडा कपडा उद्योग चलाउने भनेर सर्वसाधारणलाई 'घाँस' हाल्ने काम गरि रहेको छ । अब त प्रदेश सरकारले पनि यही थोत्रा एजेण्डामा छलफल गर्न थालेपछि संघीयताको मर्ममाथि नै प्रहार भएको अनुभूति हुन थालेको छ । बाँके, बर्दिया, कैलालीमा धेरै किसानले कपास खेती गर्दा हेटौंडा कपडा उद्योग राम्रैसँग चलेको थियो तर, अहिले कपास खेती गर्ने किसान छैनन् ।

भारतीय बजारबाट कपास किनेर ल्याएर धागो बनाएर कपडा तयार गर्दाको प्रतिईकाई लागत हिसाव गर्ने हो भने भारतीय र चिनियाँ कपडा धेरै सस्तो पर्न जान्छ । भारतसँगको खुला सीमानाका कारण भन्सार छलेर ल्याएका कपडासँग प्रतिष्पर्धा गर्ने सामर्थ्य कुन सरकारसँग छ ? बागमती प्रदेशसभाको अर्थ तथा विकास समितिमा हेटौंडा कपडा उद्योग सञ्चालनको विषय उठान भएको छ । समितिको बैठकमा जीर्ण अवस्थामा रहेको हेटौंडा कपडा उद्योग सञ्चालनको विषयले प्राथमिकता पाएको हो । बैठकमा कपडा उद्योगको विषय कार्यसूचीमा थिएन । प्रदेश नीति तथा योजना आयोगले तयार गरेको दोस्रो आवधिक योजना (२०८१-२०८५) को प्रमुख कार्यक्रम र पहिलो आवधिक योजना (२०७५-२०८०) को समीक्षाको विषय बैठकको कार्यसूची रहेको थियो । बैठकमा हेटौंडा कपडा उद्योगको विषय उठान गरेर मुख्य एजेण्डालाई छायाँमा पारियो कि ? बागमती प्रदेश सरकारले आफ्नै उत्पादनको रुपमा कुनै क्षेत्रलाई तोकेर लगानी बढाउनुपर्ने धारणा राख्नुसम्म ठीकै हो तर, सम्भावना नभएको हेटौंडा कपडा उद्योग चलाउने बहस गर्नु भनेको मुख्य एजेण्डा छोडेर विषयान्तर हुन खोज्नु हो । नागरिकलाई आर्थिक उपार्जनमा जोड्न र आर्थिक समृद्धिमा अघि बढ्नुपर्ने धारणा सांसदहरुको थियो । सांसदहरुको जिज्ञासाका विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव कृष्णप्रसाद मैनालीले जवाफ दिने क्रममा हेटौंडा कपडा उद्योगको प्रसङ्ग निकाल्दै हेटौंडा कपडा उद्योग सञ्चालन गर्नसक्ने अवस्था नरहेको टिप्पणी गरे । प्रविधिको विकाससँगै कपडा उद्योग सञ्चालनको नयाँ टेक्नोलोजी सस्तो पर्न जाने भएकाले हेटौंडा कपडा उद्योगको प्रविधि पुन: सञ्चलनको सम्भावना नरहेको उनले बताए ।

कांग्रेस सांसद रामकृष्ण चित्रकारले कपडा उद्योग सञ्चालन गर्नुपर्ने धारणा राखे । उनले आफू सचिव मैनालीको भनाइमा सहमत नभएको भन्दै हेटौंडा कपडा उद्योग सञ्चालन हुन सक्ने अवस्थामा रहेको बताए । उनले बाबुराम भट्टराई अर्थमन्त्री रहेका बखत उद्योग पुन: सञ्चालन भई परीक्षण उत्पादन समेत सफल गरेको बताए । एमाले सांसद मधुसूदन पौडेलले सरकारी संरचनालाई बेवारिसे राख्न नहुने र लगानीको प्रतिफल आउने गरी कपडा उद्योग सञ्चालन गर्नुपर्ने बताए । उनले हाल हेटौंडा कपडा उद्योग सञ्चालनको रहेको भए प्रविधि पुरानो भयो भनेर बन्द गरिन्थ्यो वा प्रविधि परिवर्तनमा अग्रसर भइन्थ्यो भन्दै प्रश्न पनि गरे । सरकारी उद्योगको मर्मत तथा प्रविधि परिवर्तन गरेर सञ्चालन गर्नुपर्ने र नागरिकलाई रोजगारी तथा आर्थिक उपार्जनमा जोड्नुपर्ने उनको भनाइ थियो । प्रदेश सरकारको यो कपडा उद्योगको जुहारीले सर्वसाधारणलाई 'घाँस' हाल्ने कार्यमा थप मलजल गरेको देखिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ भाद्र २९ गते शनिबार १४ सेप्टेम्बर २०२४ । एकादशी, भाद्र शुक्लपक्ष । ञलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:४९, सूर्यास्त ६:०८ । बाल दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मनोरञ्जन प्राप्त हुनेछ | **तुला** | : मनमा निरासा उत्पन्न हुनेछ |
| **वृष** | : व्यापारबाट लाभ मिल्नेछ | **वृश्चिक** | : समयले साथ दिनेछ |
| **मिथुन** | : स्वास्थ्योपचारमा खर्च हुनेछ | **धनु** | : रमाइलोमा दिन बित्नेछ |
| **कर्कट** | : मानसिक असन्तुष्टि बढ्नेछ | **मकर** | : जोश जागर आउनेछ |
| **सिंह** | : ज्ञानगुनका कुरा जान्न पाइनेछ | **कुम्भ** | : समयले साथ दिनेछ |
| **कन्या** | : काम अपुरै रहने देखिन्छ | **मीन** | : राम्रो समाचार सुन्न पाइनेछ |

# इन्जिनियरका लागि महत्वपूर्ण क्षण



✍ सुवासचन्द्र बराल

हामीहरू कलेज पढ्दै गर्दा इन्जिनियर हुनुलाई 'सेटल्ड' हुनु सरह मानिन्थ्यो । एक त त्यसबेला मुलुकमा विकास नै कम भएको थियो, अर्को प्राविधिक जनशक्ति कम थिए । विकासको 'लो बेस' को तत्कालीन स्थितिमा पूँजीगत खर्च भविष्यमा बढ्दै जान्छ भनेर आशा गर्नु स्वाभाविक थियो । देशमा सडक, बिजुली, पानीका कैयन् आयोजना आउन बाँकी थिए । पुराना घरहरूलाई देशभित्रै सिमेन्टको उत्पादन बढेसँगै बलिया आधुनिक घरमा परिवर्तन गरिनेछन् भन्ने सोचाइ सबैमा थियो ।

२०३२ सालमा हिमाल सिमेन्ट र त्यसको एक दशकपछि हेटौंडा सिमेन्ट फ्याक्ट्री खुलेसँगै उदयपुर सिमेन्टको निर्माणको तयारी चलिरहेको थियो र त्यससँगै जागृत भएको थियो- मुलुक नयाँ दिशातिर हिंड्नेछ भन्ने आशा पनि । तर एक खालको भय पनि थियो, कतै १९६८ सालमा फर्पिङको जलविद्युत् बनेको एक शताब्दीसम्म पनि जलविद्युत्मा धेरै प्रगति नभई लोडसेडिङको अँध्यारोमा बस्न बाध्य भएका नेपालीलाई सिमेन्ट फ्याक्ट्रीहरूको निर्माणपछि पनि आधुनिक युगमा प्रवेश हुन समय लाग्छ कि भनेर' २०५० को दशकको सुरुमा इन्जिनियरिङ शिक्षा लिन सुरु गर्दैगर्दा ममा डर थियो कि कतै देशभित्र इन्जिनियरको संख्या बढ्दै जाँदा सोचे जस्तो पूँजीगत खर्चमा वृद्धि नभई विकासका काम ठप्प हुने र आफू बेरोजगार हुने त हैन भन्ने ।

नभन्दै विकास केही वर्ष ठप्प जस्तै भयो तर अनपेक्षित कोणबाट । माओवादीहरूले सशस्त्र विद्रोह सुरु गरे र गाउँगाउँ त्यसबाट पीडित भयो । सरकारी खर्च मात्रै त्यसबाट प्रभावित भएन, निर्दोष जनताको जीवनहरू चुँडिए । बेरोजगार, विदेशिएका र विदेश जान इच्छुक इन्जिनियरहरू जताततै देखिन थाले । यसले मुलुकको दीर्घकालीन विकासमा र इन्जिनियरहरूको आफ्नो जीवन र भविष्यप्रतिको दृष्टिकोणमा पनि ठूलो असर पार्‍यो ।

मुलुकमा विकास हुँदैन र हुने वातावरण छैन भनेर सोच्ने इन्जिनियरहरूको संख्या बढ्यो । रूपान्तरण हाम्रो पुस्तामा हुँदैन भन्ने इन्जिनियरहरू बढ्दै गए । शान्ति स्थापनापछि मुलुकभित्र पूँजीगत खर्च हुन नसक्दा र रूपान्तरणकारी आयोजनाहरू कार्यान्वयनमा जान ढिलो हुँदै गर्दा यो भावना झन् बलियो हुँदै गयो । यो नै अहिलेको पुस्ताका इन्जिनियरहरू मुलुकभित्र नदेखिने प्रमुख कारण हो ।

हाल सरकारी संघीय इन्जिनियरिङ सेवाको कुल दरबन्दी १० हजार छ भने कुल र जिस्टर्ड इन्जिनियरहरूको संख्या ७७ हजारभन्दा बढी छ । विश्वविद्यालय, प्रदेश, सुरक्षा निकायहरू, स्थानीय तहहरूले केही हजार अतिरिक्त इन्जिनियरहरूलाई जागिर दिए पनि अहिल्यै ठूलो संख्यामा इन्जिनियरहरू निजी क्षेत्र तथा वैदेशिक रोजगारीमा संलग्न छन् । यसले दुईवटा समस्या उत्पन्न गरेको छ ।

एक, मुलुकको रूपान्तरणमा सहभागी हुनुपर्ने र त्यस्तो रूपान्तरणको नेतृत्व लिनुपर्ने इन्जिनियरहरू अन्तै कतै छन् र रूपान्तरण मुलुकभित्र नै विदेशी इन्जिनियरहरूमा भर परेर अगाडि बढ्नुपरेको छ । यसले मुलुकको विकास महँगो र अनिश्चित भएको छ । दुई, मुलुकभित्रका इन्जिनियरहरूको मनोबल पनि खस्केको छ । पढे पनि मुलुकभित्र जागिर छैन भन्ने भावना छ । निजी क्षेत्रको रोजगारी अनिश्चित हुनेभएकोले केही वर्ष देशमै बसे पनि सानोतिनो अनुभव बटुलेर विदेशै जानुपर्छ भन्ने भावना धेरै इन्जिनियरहरूमा छ । मुलुकको यो अवस्था नै यहाँका इन्जिनियरहरूलाई चिन्तित बनाउने प्रमुख कारक हो ।

इन्जिनियरहरूको संगठित संस्थाले तीन माध्यमबाट यो अवस्थामा हस्तक्षेप गर्न सक्छ । पहिलो, सरकारलाई दीर्घकालीन रूपान्तरणका योजना स्पष्ट रूपमा तयार गर्न लगाएर त्यस मार्फत कम्तीमा आगामी दशकमा एक सय खर्ब रुपैयाँ खर्च गर्ने कमिटमेन्ट गराउने । दीर्घकालीन रूपान्तरणका योजना हाम्रा सबै छिमेकी मुलुकहरूमा हुन्छ र त्यस अनुसार निजी तथा सरकारी क्षेत्रले जनशक्तिको आवश्यकता अनुमान गर्छन् । यसको अभावमा कति जना इन्जिनियर राख्ने भन्ने कुरामा सबैलाई अन्योल हुन्छ ।

हाम्रै देशमा पनि २०५० को दशकमा तयार गरिएको एग्रिकल्चर पर्स्पेक्टिभ प्लानु त्यस्तो दीर्घकालीन योजनाको एक उदाहरण हो । दोस्रो, इन्जिनियरिङ संस्थान तथा नेपाल इन्जिनियर्स एशोसिएसन जस्ता संस्थाहरूसँग मिलेर आफूलाई आवश्यक पर्ने इन्जिनियरहरूलाई आवश्यक तालिम तथा अन्य एक्स्पोजर दिन सरकारलाई उत्प्रेरित गर्ने । उदाहरणको लागि यदि मुलुकमा आगामी दशकमा पन्ध्वटा टनेल, दुईवटा एक्सप्रेसवे र एउटा मेट्रो बनाउने हो भने त्यसै अनुसारका जनशक्ति विकास गर्ने काममा विभिन्न संस्थानहरूसँग मिलेर प्रविधि भित्र्याउने र ती प्रविधिमा स्थानीय जनशक्तिलाई दक्ष बनाउने तालिम दिने ।

तेस्रो, इन्जिनियरहरूको सुरक्षा प्रत्याभूति गर्ने पूँजीगत, सामाजिक उपकरणहरू विकास गर्ने । उदाहरणको लागि महिला इन्जिनियरहरूको सुरक्षा तथा मुलुकभित्र वा बाहिरको विभिन्न ठाउँको भ्रमणको आवश्यकता पुरुषको भन्दा फरक हुने भएकोले उनीहरूलाई आवश्यक पर्ने सुविधा दिने, निजी क्षेत्रमा काम गर्ने इन्जिनियरहरूको सामाजिक सुरक्षाको प्रत्याभूति गर्न आवश्यक प्रोभिडेन्ट फन्ड लगायत अन्य उपकरण विकास गर्ने आदि । विकसित देशहरूले हाम्रा इन्जिनियरहरू आकर्षित गर्न सक्नुको प्रमुख कारण पनि तिनले दिने सामाजिक तथा अन्य पूँजीगत सुरक्षाहरू नै हो ।

निजगढ-काठमाडौं फास्टट्र्याक बनेसँगै र भारतसँगको विद्युत् व्यापारको संभावनाको ढोका खुलेसँगै मुलुकभित्रको इन्जिनियरिङ समुदायको लागि उच्च इन्जिनियरिङ स्तरका विभिन्न कामहरू हुनसक्ने वातावरण बन्न थालेको छ । अबको नेपालमा विभिन्न कम्प्लेक्स इन्जिनियरिङ कामहरू गर्ने अवसरहरू आउनेछ । बूढीगण्डकी जस्ता ठूला हाइड्रोपावर बन्ने स्थिति छ ।

विशाल व्यापारिक र आवासीय भवनहरू बन्न थालेका छन् भने सफ्टवेयर इन्जिनियरिङको विकास द्रुत गतिमा भएको छ । कम्पनी खोल्न लाग्ने थ्रेसहोल्डमा गरिएको हालैको परिवर्तनले इन्जिनियरिङ क्षेत्रमा तरङ्ग आएको छ । इन्जिनियरिङ पेशाको लागि यो महत्वपूर्ण क्षण हो । इन्जिनियरहरूले प्राविधिक रूपमा यी 'कम्प्लेक्स' आयोजनाहरूको नेतृत्व गर्ने मात्र नभई आफैं व्यवसाय सुरु गर्ने र व्यावसायिक समूहको नेतृत्व गर्नुपर्ने बेला पनि सिर्जना भएको छ ।

विद्यार्थीबाट इन्जिनियर, इन्जिनियरबाट कम्पनीको संचालक तथा संस्थापक बन्ने स्थिति विस्तारै बनेको छ तर यो संक्रमण अझै द्रुत हुनुपर्छ । यो परिवर्तनसँग सम्पूर्ण इन्जिनियरिङ समुदायलाई परिचित गराउने, लाभान्वित तुल्याउने र सरकार र इन्जिनियरिङ समुदायबीच कुशल पुल बन्ने महत्वपूर्ण जिम्मेवारी इन्जिनियरिङ क्षेत्रका पेशागत संघ-संस्थालाई छ ।

मेरो बुझाइमा अहिले नेपाल इन्जिनियर्स एशोसिएसनको चुनाव यस्तो ऐतिहासिक मोडमा भएको छ– यो असाधारण परिस्थिति हो, साधारण तथा निरन्तर देखिने परिस्थिति हैन । यो अवस्थामा माथि उल्लेखित कारणहरूले गर्दा इन्जिनियरिङ सेवालाई सरकारी र निजी क्षेत्रसँग जोड्न सक्ने उपयुक्त पात्रहरूको नेतृत्व यो संस्थालाई आवश्यक छ । हाम्रा रणनीतिक क्षेत्रहरू: चार स (सबलीकरण, सहयोग, सहकार्य, संरक्षण) अन्तर्गत संस्थागत सबलीकरण, पेशागत सहयोग, समुदायसँग सहकार्य र पेशागत हकहितको संरक्षण हुन् ।

अघिल्ला कार्यसमितिहरूले, अग्रजहरूले थुप्रै कुरा स्थापित गर्नुभएको छ । बनेका संरचनाहरूको प्रयोग गर्दै, प्राप्त उपलब्धिहरूलाई जोगाउँदै आम इन्जिनियरले महसुस गर्न सक्ने नेपाल इन्जिनियर्स एशोसिएसन निर्माणका लागि दुई वर्षे कार्यकालभरि निजी कामहरू थाती राखेर पूर्णकालीन समय दिने प्रण गरेको छु ।

*(स्रोत: अनलाइनखबर)*

# सुशासनको गति रोक्न डर लाग्दा प्रयास



✍ सागर पण्डित

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत एक वर्षमा २०१ वटा भ्रष्टाचार मुद्दा दायर गरी १,५२० जनालाई कानुनी दायरमा ल्याउन सफल भयो । गतवर्ष अख्तियारले निकै 'ठूला माछाहरु'लाई समेत भ्रष्टाचार मुद्दा चलायो । बहालवाला मुख्यसचिव, पूर्वमन्त्री, विशिष्ट श्रेणीका दर्जन बढी अधिकारीहरु, सधैं शक्ति र सत्तामा रहेर हैकम जमाउँदै आइरहेका सरकारी मकुण्डो लगाएका आईटी क्षेत्रका ठूला माफियाहरुलगायतलाई अख्तियारले भ्रष्टाचारमा मुद्दा दायर गर्न सफल भयो ।

अख्तियारले ठूला माछालाई समाउन सक्दैन भन्ने आरोप गतवर्ष खण्डित भयो । यसले आमनागरिकमा भ्रष्टाचारमा लिप्त रहेका जस्तासुकै ठूला माछाहरु पनि जुनसुकै बेला अख्तियारको कारबाहीमा पर्न सक्ने सन्देश दियो । त्यसैले पनि होला अहिले कतिपय भ्रष्टाचारीको मुटु काँपिरहेको छ । विगतमा ठूला-ठूला आर्थिक अपराध गरेर जोगिएका तथा चोखिएकाहरु अख्तियारको अनुसन्धानमा फेरि परिने हो कि भन्ने डर र त्रासमा दिन बिताउन बाध्य छन् । लाग्छ, कतिपय समाजसेवीको भेषमा आफ्नो अपराध पखाल्न लागिरहेका छन् ।

त्यस्तै सबै आर्थिक अपराधीको मुटु काम्ने गरी अख्तियारले आफ्नो अभियानलाई तीव्रता दिइरहेको छ । त्यसैले यतिखेर मुलुकमा सुशासन कायम गर्ने कार्यमा अख्तियारको कदमले महत्वपूर्ण भूमिका खेलेको छ भनेर जोसुकैले पनि भन्न सक्छ । अख्तियारले आफ्नो यो भूमिका र कदमलाई अझै सशक्त बनाउनुपर्छ ।

पछिल्ला दिनमा अख्तियार जसरी मुलुकमा सुशासन कायम गर्न तल्लीन भएर लागिरहेको छ त्यसरी नै राज्यका प्रमुख तीन अंग पनि लाग्न अत्यावश्यक छ । भ्रष्टाचार नियन्त्रण गर्ने प्रमुख दायित्व राज्यका प्रमुख तीन निकायको रुपमा रहेका कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको हो । मुलुकमा भ्रष्टाचार हुन नदिने र मातहतका अधिकारीलाई नैतिकता र सदाचारितामा राख्ने जिम्मेवारी कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको नेतृत्वमा रहनेहरुकै हो । तर दु:खका साथ भन्नुपर्छ, यी तीनवटै निकायले भ्रष्टाचार नियन्त्रणमा अपेक्षित भूमिका खेल्न सकेका छैनन् ।

त्यसमा पनि भ्रष्टाचार नियन्त्रण र कानुनी शासन स्थापना गर्न सबैभन्दा बढी भूमिका खेल्नुपर्ने न्यायालयले सुशासनलाई आफ्नो प्रमुख लक्ष्य बनाउन नसकेको हो कि जस्तो देखिन्छ । अझ पछिल्ला दिनमा त अख्तियारले भ्रष्टाचारमा दायर गरेका मुद्दाका आरोपितहरुलाई विशेष अदालतले एकपछि अर्को गर्दै सफाइ दिइरहेको छ । यद्यपि कतिपय केसमा तथ्य र प्रमाणको अभाव भएको भन्दै सफाइ दिइएको दाबी विशेष अदालतका अधिकारीहरुको छ । तर उनीहरुको दाबीमा धेरै हदसम्म शंका गर्ने ठाउँ नभएको भने होइन ।

न्यायालयमा बस्ने न्यायमूर्तिहरुले के कुरा प्रस्टसँग बुझ्नुपर्छ भने, यसरी नै भ्रष्टाचारीहरुलाई धमाधम सफाइ दिँदै जाने हो भने मुलुकको सुशासन पूरै कोमामा पर्न सक्ने भय रहन्छ । लामो मिहिनेत र अनुसन्धान गरेर, कैयौं प्रमाणहरु जुटाएर अख्तियारले भ्रष्टाचारका विरुद्धमा मुद्दा हाल्छ । तर त्यसको गाम्भीर्यतालाई बुझ्दै नबुझी विशेष अदालतले एकपछि अर्को गर्दै सफाइ दिँदै आइरहेको छ ।

त्यस्तो अवस्था आयो भने आज धमाधम भ्रष्टहरुलाई उन्मुक्ति दिने न्यायालयकै पनि अस्तित्व नरहन सक्छ भन्ने कुरामा सम्मानित न्यायालय सचेत र जागरुक हुनै पर्छ । भ्रष्टहरुलाई उन्मुक्ति दिन कहिले माटो नै कच्चा भएको तर्क दिइने गरिन्छ त कहिले आफैं कानुन बनाएर जतिसुकै लुट मच्चाउन पनि पाइन्छ भन्ने गलत नजिर बसाल्न खोजिन्छ । के स्थानीय तहहरुले आफू अनुकूलका कानुन बनाएर जतिसुकै लुट गर्न पनि पाउँछन् ? सिंगै डाँडाहरु विनाश गरेर इकोसिस्टमलाई चुनौती दिन पाउँछन् ? वातावरण विनाश गरेर स्थानीय क्षेत्रमा विभिन्न खाले संकटहरु निम्त्याउन पाउँछन् ? स्थानीय तहका जनप्रतिनिधिहरुले पैसाको खोलो बगाएर जतिसुकै आर्थिक अपराध गर्न पनि छुट पाउने हो ? न्यायमूर्तिहरुले यसको जवाफ सर्वसाधारण जनतालाई दिनै पर्छ । पछिल्लो समयमा राजधानीकै गोदावरी क्षेत्रमा त्यत्रो पहाड नै विनाश भएको सबैले देखेकै छन् ।

डाँडो विनाश गर्ने आर्थिक अपराधीहरुलाई अख्तियारले कारबाहीको दायरामा ल्याउँदा स्थानीय बासिन्दा खुशीले गद्गद् भएका थिए । अझै त्यस्ता खालका अन्य बदमासीहरु पनि बाहिर आउने विश्वास स्थानीयको थियो तर त्यस्तो आर्थिक अपराध गर्नेहरुलाई जब विशेष अदालतले सफाइ दियो, तब स्थानीय जनता अचम्ममा परे, दु:खी भए, सशंकित भए । कतिपय स्थानीय जनताले त न्यायाधीशहरुमाथि प्रश्नहरुसमेत उठाएका छन् र त्यस्ता न्यायाधीशमाथि छानबिन र कारबाही गर्नुपर्ने मागसमेत गर्दै आएका छन् ।

न्यायालयलाई नेपाली समाजले पवित्र मन्दिरको रुपमा हेर्दै आएको थियो तर पछिल्ला समयमा भने न्यायालय कतिपय न्यायाधीशहरुकै कारण मन्दिर नभएर दाउपेचमा चल्ने व्यापारिक र राजनीतिक प्रतिष्ठानजस्ता बन्न पुगेका छन् । त्यसैले अहिले जनस्तरबाटै न्यायालयमा बस्नेहरुले मुलुकको सुशासनमा कतै अवरोध त सिर्जना गरेका छैनन् भन्ने विभिन्न खाले प्रश्नहरु पनि आइरहेका छन् । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका शक्ति पृथकीकरण तथा सन्तुलन र नियन्त्रणको सिद्धान्तमा चल्नुपर्छ । यी तीन निकायमा एकले अर्कालाई सहयोग गर्ने र आफ्नो क्षेत्राधिकारबाहिर गए वा गल्ती गरे भने अर्को निकायले सच्याइदिने वा कारबाही नै गर्न सक्छन् ।

कार्यपालिकाले गरेका कतिपय गलत कार्यहरु छन् भने त्यसलाई न्यायपालिकाले सच्याएका कैयौं उदाहरण छन् । तर न्यायपालिकामा रहनेहरुले गरेको गल्तीलाई शक्ति पृथकीकरण तथा सन्तुलन र नियन्त्रणको सिद्धान्तबमोजिम व्यवस्थापिकाले प्रभावकारीरुपमा सच्याउने वा कारबाही गर्न सकेको छैन । यसमा दलीय चिन्तन र सोचले पनि खलनायकी भूमिका निर्वाह गरिरहेको देखिन्छ ।

यदि कुनै न्यायाधीशले भ्रष्टहरुलाई संरक्षण गर्ने, राज्यकोषमा आउने अर्बौं रुपियाँ माफिया र बिचौलियालाई पोस्ने गरी विभिन्न गलत निर्णय गर्ने अनि गलत कानुन बनाउने भ्रष्ट जनप्रतिनिधि एवं सरकारी अधिकारीहरुलाई चोख्याउने काम गर्छन् भने त्यस्ता न्यायाधीशहरुमाथि महाअभियोग लगाएर हटाइदिने हिम्मत व्यवस्थापिका र प्रमुख दलका नेतृत्वहरुले गर्न सक्नुपर्छ । नत्र लगामविनाको घोडा हुन पनि कत्ति बेर छैन । यसरी भ्रष्टाचार र अनियमिततामा लिप्त भएका न्यायाधीशहरुलाई पहिचान गरी महाअभियोग लगाएर हटाइदिने प्रणाली स्थापना गर्न सक्यौं भने पक्कै कुनै पनि न्यायाधीशले जुनसुकै मुद्दामा फैसला गर्नुअघि १० पटक निधार खुम्च्याएर सोच्न बाध्य हुनेछन् ।

त्यसैले व्यवस्थापिकाले आवश्यकता अनुसार यो अभ्यास पनि गर्न सक्नुपर्छ । तर यसरी अभ्यास गर्दा कुनै पनि इमानदार, सदाचारी र कर्तव्यनिष्ठ न्यायाधीश त्यसको सिकार भने हुनुहुँदैन । सिंगो न्यायक्षेत्रलाई नै आतंकित पार्ने गरी यस्ता अभ्यासचाहिँ गर्नुहुँदैन । जसले न्याय क्षेत्रलाई बदनाम गराएको छ, भ्रष्टाचार मौलाउन हाकाहाकी सहयोग पुर्‍याएको छ, त्यस्तालाई मात्रै छानबिन गरिनुपर्छ र यस्तो छानबिनमा कुनै किसिमको मोलाहिजा गरिनुहुँदैन ।

न्यायाधीशहरु गम्भीर नैतिक विचलन आएमा, भ्रष्टाचार गरेमा वा अन्य विभिन्न प्रकृतिका अपराध गरेमा वा खराब प्रवृत्ति भएकाहरु नियुक्ति भएमा त्यस्ता न्यायाधीशमाथि छानबिन गरी कारबाही गर्ने अधिकार न्यायपरिषद्माथि समेत छ । तर यतिखेर न्यायपरिषद् खासै सक्रिय हुन सकिरहेको छैन । न्यायपरिषद्मा न्यायाधीशविरुद्ध परेका सयौं उजुरीहरु त्यत्तिकै थाती रहँदै आएका छन् । यो निकै दु:खद र विडम्बनापूर्ण अवस्था हो । यस्तो प्रवृत्तिले न्यायक्षेत्रलाई झन् बढी विकृत र प्रदूषित बनाउँछ । त्यसैले न्यायपरिषद्ले त्यहाँ परेका न्यायाधीशविरुद्धका उजुरीहरुलाई गम्भीररुपमा लिएर, छानबिन गरी वास्तविकता पत्ता लगाएर कारबाहीको दायरामा ल्याउन सक्नुपर्छ ।

विगतमा सर्वोच्च अदालत आफैं पनि न्यायालयभित्र व्याप्त विकृति हटाउन नलागेको होइन । यसका लागि पछिल्लोपटक सर्वोच्चले तत्कालीन न्यायाधीश हरिकृष्ण कार्कीको नेतृत्वमा न्यायालयमा व्याप्त विकृति खोज्न उच्चस्तरीय छानबिन समितिसमेत बनाएको थियो । कार्की नेतृत्वको सो समितिले न्यायक्षेत्रभित्र कैयौं विकृति रहेको र न्यायक्षेत्र चरम कुशासनको चपेटामा परेको औंल्याएको थियो । यसो त यसअघि पनि सर्वोच्चमा वरिष्ठ अधिवक्ता श्रीहरि अर्याल, तत्कालीन न्यायाधीश रामप्रसाद श्रेष्ठ तथा गिरीशचन्द्र लालको नेतृत्वमा पनि न्यायालयमा व्याप्त विकृति खोज्न उच्चस्तरीय छानबिन समिति गठन भएका थिए ।

अघिका समितिभन्दा हरिकृष्ण कार्की समितिले न्यायालयमा व्याप्त विकृतिका फेहरिस्त औंल्याएको थियो । तर कार्कीलगायत कुनै पनि प्रतिवेदनमा दिएका सुझावलाई कार्यान्वयन गर्न सर्वोच्चको नेतृत्व हिजोदेखि आजसम्म उदासीन रहनुले पनि न्यायक्षेत्र सुशासनको हकमा कमजोर साबित हुँदै आएको देखिन्छ । यसरी न्यायक्षेत्रमा फैलँदो विकृति र त्यो विकृतिको चङ्गुलमा न्यायाधीशहरु डुबुल्की मार्ने अवस्था आउनु र यसलाई निवारण गर्न कोही पनि लाग्न नसक्नुले मुलुकको सुशासनमा ठूलो अवरोध सिर्जना भएको हो भनेर बुझ्न कठिन छैन ।

अर्कोतर्फ कार्यपालिका र व्यवस्थापिकामा रहेकाहरुले पनि सुशासनको एजेन्डालाई मुख्य एजेन्डा बनाउन सकेका छैनन् । सुशासनको अर्को प्रमुख अवरोधक पक्ष भनेकै प्रमुख राजनीतिक दल, तिनका नेता र शासनसत्तामा आउने नेतृत्वको भ्रष्ट संस्कार एवं प्रवृत्ति हो । राजनीतिक नेतृत्व र राज्यका विभिन्न अंगमा रहेका अधिकांश व्यक्तिहरु स्वार्थी, लोभी र अनैतिक बन्न पुग्दा सुशासन कायम गर्ने संविधानको स्प्रीटमा नै गम्भीर धक्का लाग्न पुगेको छ । केही समयअघि भ्रष्टाचार निवारण ऐन २०५९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ गरी दुवैमा संशोधन गरी भ्रष्टाचारमा पाँचबर्से हदम्यादको प्रयास तथा भ्रष्टाचारमा मुद्दा दायर भएपछि निलम्बित नहुनेजस्ता कुतर्कयुक्त प्रस्तावसमेत गरिएको थियो ।

राजनीतिक नेतृत्व र सरकारबाट आउन खोजेका यस्ता प्रस्तावहरु मुलुकको सुशासनको गति रोक्ने र भ्रष्टहरुको साम्राज्य कायम गर्न खोज्ने गरी आउन लागेको थियो तर नागरिक समाजबाट चौतर्फी विरोध भएपछि ती प्रस्तावहरु हटेका छन् । त्यसैले सुशासन कायम गर्न र भ्रष्टहरुलाई कारबाही गराउन नागरिकस्तरबाट निरन्तर सशक्त दवाब अपरिहार्य छ । अर्कोतर्फ भ्रष्टाचार निवारणमा महत्वपूर्ण भूमिका खेल्दै आइरहेका अख्तियारजस्ता निकायलाई साधन-स्रोतले भरिपूर्ण बनाएर उच्च मनोबलका साथ काम गर्न सक्ने वातावरण राज्यका व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकाले नै सिर्जना गराइदिन सक्नुपर्छ ।

नागरिकस्तरबाट राज्यका प्रमुख निकाय तथा प्रमुख राजनीतिक दल र तिनका नेतृत्वलाई खबरदारी गर्दै अख्तियारजस्ता निकायलाई पनि नियमित झकझक्याउने काम गर्न सक्नुपर्छ । अख्तियारलगायतका निकायले सुशासनलाई गति दिन चालेका महत्वपूर्ण कदम रोक्न थालिएका डर लाग्दा प्रयासलाई आमजनताले निस्तेज बनाउन सक्नुपर्छ । नत्र त नेपालमा सुशासन वीरबलको खिचडीसरह हुन सक्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# पार्टी निर्णय बहिष्कार गरिरहेका एकीकृत समाजवादी सांसदहरू





काठमाडौं/नेकपा एकीकृत समाजवादीले आगामी ५ असोजमा राजधानी काठमाडौंमा सन्देश सभा गर्ने निर्णय गरेको छ । बुधबार बसेको स्थायी कमिटी बैठकले पार्टीपंक्तिमा एकताको सन्देश दिन सभा आयोजनाको निर्णय गरेको हो ।

'दशौं राष्ट्रिय महाधिवेशन पछाडि केही आशंकाहरु, केही असमभ्रदारीहरु देखिएका हुन सक्छन् । त्यसलाई चिरेर एकताबद्ध रहेको सन्देश दिन सभा गर्ने निर्णय गरिएको हो', उपाध्यक्ष जगन्नाथ खतिवडाले भने । एकीकृत समाजवादीले गत १६-२१ असारमा दशौं राष्ट्रिय महाधिवेशन गरेको थियो ।

उक्त महाधिवेशनबाट नेतृत्व चयनका निम्ति अपनाइएको प्रक्रियाप्रति नेताहरुमा असन्तुष्टि देखिने मात्र नभएर पदाधिकारी चयन गर्दा प्यानलगत प्रतिस्पर्धाबाट भयो । निश्चित नेताहरुबीचको विमर्शमा अध्यक्ष, सम्मानित नेता र महासचिव निर्विरोध गरिएको थियो । तीन प्रमुख पद निर्विरोध गरिएपछि बाँकी संरचना टुंग्याउने जिम्मा आफै लिएर महाधिवेशनमा भाग लिन आएका १,८४७ प्रतिनिधि घर पठाइयो ।

त्यसपछि नेतृत्व निर्माण गर्न अपनाइएको प्रक्रियाप्रति पार्टीभित्र चर्को असन्तुष्टि छ । त्यही असन्तुष्टिका क्रममा एकीकृत समाजवादीका केही सांसदहरू पार्टीको सम्पर्क, सम्बन्ध र निर्णय प्रक्रियाबाटै टाढा पुगेका छन् ।

विशेषगरी नेकपा एमाले विभाजन भएर एकीकृत समाजवादी गठन भइरहदा चर्चामा रहेका प्रेम आले, कृष्णकुमार श्रेष्ठ (किसान) र धनबहादुर बुढा पार्टी नेतृत्वसँग टाढा हुन पुगेका छन् । यी सांसदहरुले नेतृत्व चयन प्रक्रियामै भाग लिएनन् ।

बारा-४ बाट निर्वाचित श्रेष्ठ नेतृत्वकै कारण महाधिवेशन प्रक्रियामा भाग लिन नसक्ने अवस्था आएको बताउँछन् । 'नेताहरु आफ्नो पद सुरक्षित गर्ने र अरुलाई भिडाउनेमा लाग्नुभयो । यसले स्वभाविक रुपमा असन्तुष्टि सिर्जना गरेको छ' उनी भन्छन्, 'असन्तुष्टिलाई कसरी सम्बोधन गर्नुहुन्छ, त्यो नेताहरुको कुरा हो । तर असन्तुष्टिले सही ठाउँमा लैजादैन ।'

नवौं महाधिवेशनबाटै एमाले केन्द्रीय कमिटीमा पुगेका प्रेम आले त एकीकृत समाजवादीको दशौं राष्ट्रिय महाधिवेशन अघिबाटै निर्णय प्रक्रियाबाट अलग भएका थिए । उनले असारमा सम्पन्न दशौं महाधिवेशनमै भाग लिएनन् । महाधिवेशनमा भाग नलिएका आलेलाई एकीकृत समाजवादीले केन्द्रीय कमिटीबाटै हटाइएको छ । महाधिवेशनमै भाग नलिएकाले कमिटीमा नराखिएको नेताहरुले बताएका थिए ।

डोटीबाट निर्वाचित सांसद आलेले पनि दशौं राष्ट्रिय महाधिवेशन बहिष्कार गरेको र पार्टीप्रति रुचि नरहेको संचार कर्मीसँग बताएका थिए । 'मलाई अब पार्टीप्रति रुचि छैन । जनताप्रति उत्तरदायी हुने हो, स्वतन्त्र भएर जनताको काम गर्ने हो', त्यसबेला आलेले भनेका थिए । यद्यपि दशौं महाधिवेशनपछि सत्ता समीकरण परिवर्तन हुँदा आलेले एकीकृत समाजवादीकै निर्णय पालना गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीको विपक्षमा मतदान गरे । तर पार्टीको भूमिका र गतिविधिमा उनी संलग्न छैनन् ।

आलेलाई केन्द्रीय कमिटीबाट हटाए पनि एकीकृत समाजवादीले कृष्णकुमार श्रेष्ठ र धनबहादुर बुढालाई केन्द्रीय सदस्य मनोनीत गरेको छ । गत १८ साउनमा पूर्णता दिइएको ३४४ सदस्यीय केन्द्रीय कमिटीमा श्रेष्ठ र बुढा केन्द्रीय सदस्य छन् ।

तर केन्द्रीय सदस्यहरुको मतदानबाट पदाधिकारी र पोलिटब्यूरो चयन हुँदा श्रेष्ठ र बुढाले बैठकमा भागै लिएनन् । जबकी डोल्पाबाट निर्वाचित बुढा गत ३० असारसम्म संघीय सरकारमा मन्त्री थिए । गत २१ फागुनमा सत्ता समीकरण फेरिदा एकीकृत समाजवादीबाट भानुभक्त जोशी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री र बुढा सहरी विकास मन्त्री बनेका थिए ।

तर १७ असारमा नेपाली कांग्रेसको समर्थन पाएर ओली प्रधानमन्त्री हुँदा एकीकृत समाजवादी सत्ताबाट बाहिरियो । मन्त्रीबाट हटेपछि बुढाले नेतृत्व चयनका निम्ति भएको प्रक्रियामै भाग लिएनन् । प्रेम आलेसँग नजिक मानिने बुढाले भने आफू जिल्लातिर भएकाले पार्टीको नेतृत्व चयन प्रक्रियामा भाग लिन नपाएको बताए । 'एक महिनादेखि जिल्लामा जनतासँग छु, यहाँ भएकाले काठमाडौंको बैठकमा भाग लिन पाइन', उनले भने । सांसद बुढाले थप प्रतिक्रिया दिन चाहेनन् । तर श्रेष्ठले भने नेतृत्वसँग असन्तुष्टि भएकैले आफूहरु पार्टीको बैठकहरुमा नगइरहेको बताए । 'सही तरिकाले महाधिवेशन भएन । अध्यक्ष हुनुपर्नेले सर्वसहमत अध्यक्ष भए, सम्मानित नेता र महासचिव पनि सर्वसहमत गरियो । राजेन्द्र पाण्डेलाई निर्विरोध वरिष्ठ उपाध्यक्ष बनाइयो, तर जयन्ती राई र रामकुमारी झाँक्रीलाई समेट्न पहल गरिएन' उनी भन्छन्, 'यस्तै खाले कामहरुबाट मलाई चित्त बुझेको छैन ।'

तर उल्टै पार्टी फुटाउँदैछ भन्ने हल्ला चलाएर गलत काम भइरहेको उनले बताए । 'म यो पार्टीको संस्थापक हुँ । अहिले पनि निगाहमा केन्द्रीय सदस्य दिइएको छ' श्रेष्ठले भने, 'भर्खरै बनेको पार्टी त्यस्तो अवस्थामा (विभाजन) जानु राम्रो होइन, सम्हाल्ने काम नेतृत्वकै हो ।'

श्रेष्ठले हल्ला गरिए जस्तो आफ्नो कारणले पार्टी फुटाउने काम कदापि नहुने बताए । 'मैले फुटाउने होइन, लेखेटे पनि यो पार्टी छोड्दिनँ', उनले भने । यी तीन जनाले नेतृत्व चयन प्रक्रिया नै बहिष्कार गरिरहँदा अर्का सांसद अम्मरबहादुर थापाले पनि सार्वजनिक रुपमै असन्तुष्टि जनाइरहेका छन् । दैलेख-१ बाट निर्वाचित सांसद थापा गत ९-१३ भदौमा सम्पन्न पदाधिकारीको चुनावपछि असन्तुष्ट बनेका हुन् ।

उपमहासचिव पदमा उम्मेदवार बनेका थापाले हारेपछि नेतृत्वलाई दोष दिइरहेका छन् । सार्वजनिक रुपमै आफूलाई हराइएकाले सांसदको भूमिकामा मात्र रहने प्रतिक्रिया दिइरहेका छन् ।

अर्थात् दशौं राष्ट्रिय महाधिवेशनपछि पार्टी निर्माणमा जुट्ने भनिरहेको एकीकृत समाजवादीलाई आफ्नै सांसद जोगाउन कठिन देखिएको छ । यद्यपि यस्तो संकट एकीकृत समाजवादीमा भर्खरै आएको भने होइन ।

आमचुनाव-२०७९ मा ३ प्रतिशतको थ्रेसहोल्ड कटाएर राष्ट्रिय दलको मान्यता पाउन नसकेपछि एकीकृत समाजवादीमा विभाजनको भय निरन्तर छ । गत वैशाख तेस्रो साता उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा), नेपाल विभाजन हुँदा त एकीकृत समाजवादीका नेताहरु देखिनेगरी अत्तालिएका थिए ।

जसपा नेपाल फुटेको भोलिपल्टै, गत २४ वैशाखमा माधवकुमार नेपालले संसदीय दलको बैठक राखेर सांसदहरुलाई फकाएका थिए । त्यसपछि प्रमुख सचेतक मेटमणि चौधरीले सार्वजनिक बक्तव्य जारी गरेरै संसदीय दल एकताबद्ध रहेको सन्देश दिएका थिए । 'संसदीय दलक सम्बन्धमा चलाइएका चर्चा एवं हल्लाहरु गलत रहेको र त्यस्ता भ्रमहरुमा नपर्न सबैलाई अनुरोध गर्दै पार्टी संसदीय दल एकताबद्ध रहेको प्रतिबद्धता व्यक्त गर्दछु', बक्तव्यमा भनिएको थियो ।

पार्टी विभाजनको नेतृत्व गर्नसक्ने प्रचार चिर्न सम्मानित नेता झलनाथ खनालले पनि बक्तव्य जारी गरेका थिए । पूर्वप्रधानमन्त्री खनालले ६ जना सांसदहरु लिएर आफूले पार्टी फुटाउन लागेको भन्ने प्रचार गलत भएको प्रष्टोक्ति दिएका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# 'पिताम्बर'बाट अलग भइन् आँचल, दिव्याको प्रवेश ?




काठमाडौं/एउटै समयमा तीन फिल्म 'दु:खी आत्मा', 'जेरी अन टप' र 'पिताम्बर' छायांकनमा निस्किने भएपछि अभिनेत्री आँचल शर्मा तनावमा थिइन् । उनलाई यी तीन फिल्ममध्ये कम्तिमा एउटा छाड्नै पर्ने अवस्था देखिन्थ्यो । अन्तत: उनले 'पिताम्बर'बाट हात झिकेकी छन् । उनी स्वयंले फिल्मीखबर सँगको कुराकानीमा समय नमिलेका कारण आफू सहमतिमै फिल्मबाट अलग भएको जानकारी दिइन् ।

'पिताम्बर'बाट आँचल बाहिरिएपछि अब उनको ठाउँमा अभिनेत्री दिव्या रायमाझीको आगमन भएको विश्वस्त स्रोतले जनाएको छ । फिल्मको छायांकनका लागि उनी नवलपरासी पुगिसकेकी छन् । दिव्यासँग शुक्रबार कागजी सम्झौताको तयारी गरिएको जानकारी प्राप्त छ । निर्देशक कृषा चौलागाईंले पनि दिव्या नवलपरासी आएको पुष्टि गरिन् । तर उनी निश्चित नभइसकेको कृषा बताउँछिन् ।

बुझिएअनुसार, 'पिताम्बर'मा दिव्याको जोडी अभिनेता प्रदीप खड्कासँग बाँधिनेछ । यो उनीहरुको दोस्रो सहकार्य हुनेछ । प्रदीपकै जोडी भएर दिव्याले फिल्म 'एक्टर'मा काम गरिसकेकी छन्, जुन आगामी कात्तिक १५ (लक्ष्मीपूजा) गतेबाट प्रदर्शन हुँदैछ । उनले यही फिल्मबाट डेब्यु गरेकी हुन् । उनी अभिनेता दीलिप रायमाझीकी छोरी हुन् । दिव्याको पाइपलाइनमा 'बरिष्ठ बलराम' पनि छ ।

'पिताम्बर'मा दिव्यालाई भित्राउन प्रदीपको ठूलो भूमिका रहेको स्रोत बताउँछ । 'एक्टर'मा काम गरेपछि एकअर्कासँग निकै नजिक भएका उनीहरुको सम्बन्धलाई लिएर फिल्म क्षेत्रमा गाइँगुइँ हल्ला पनि चलिरहेको छ । 'पिताम्बर'मा दिव्याको प्रवेशपछि बजारको चर्चामा अझ मलजल मिलेको छ । फिल्ममा दयाहाङ राई, सौगात मल्ल, सुरक्षा पन्त, आर्यन सिग्देल लगायतको पनि अभिनय छ ।

# 'एक्टर' पोस्टरमा आनाको मादकता

काठमाडौं/'जेरी' फेम्ड अभिनेत्री आना शर्मा फिल्म 'एक्टर : टेक वान'बाट ५ वर्षपछि अभिनयमा फर्किएकी छन् । पछिल्लो पटक सन् २०१९ मा आएको 'द म्यान फ्रम काठमाडौं'मा देखिएकी उनले यसपछि केही फिल्म सम्झौता गरेको भए पनि ती निर्माण नै भएनन् । अब उनको आशा र भरोसा 'एक्टर'माथि छ । यसमा उनले अहिलेका 'स्टार' अभिनेता प्रदीप खड्काको जोडी भएर काम गरेकी छन् ।

बिहीबार निर्माताले उनको क्यारेक्टर पोस्टर सार्वजनिक गरेका छन् । जसमा उनी आकर्षक लुक्समा देखिएकी छन् । कलर गरेको कपाल, गलामा हार र वान पिसमा उनको सुन्दरता खुलेको छ । आनाको पहिरन र चालढाल हेर्दा फिल्मभित्र पनि उनको भूमिका हिरोइनकै हुनसक्ने संकेत मिल्छ । यद्यपि, उनको भूमिकाबारे खुलाइएको छैन । फिल्ममा आनाको चरित्रको नाम भने प्रकृति हो ।

राजन भुसालको निर्देशनमा तयार भएको यो फिल्मबाट अभिनेता दीलिप रायमाझीकी छोरी दिव्याले डेब्यु गरेकी छन् भने अभिनेता राजबल्लभ कोइरालाले करिब १० वर्षपछि कमब्याक गरेका छन् । दिव्य देव, दिव्या रायमाझी, सुशील सिटौला उषा रजक, सिर्जना अधिकारी, अनुज पाण्डे आदिको पनि अभिनय रहेको फिल्ममा थमनकुमार भण्डारी निर्माता र अनिस भुसाल सह-निर्मातामा छन् ।

आकाश बराल र निर्देशक भुसाल स्वयंको लेखन रहेको 'एक्टर'लाई नरेन्द्र मैनालीले खिचेका हुन् । शिशिर खाती र किरण थापाको कोरियोग्राफी रहेको फिल्ममा अष्टम महर्जनको द्वन्द्व निर्देशन, निमेश श्रेष्ठको सम्पादन तथा हर्कुलस बस्नेत, रोहित शाक्य र एलिस कार्कीको संगीत छ ।

यो फिल्म तिहार विदाको अवसर पारेर आगामी कात्तिक १५ गते अर्थात् लक्ष्मीपूजाबाट प्रदर्शनमा आउँदैछ ।

# 'तेल भिसा'को 'तुकनको मुकुन' गीतमा विपिन र पूजाको छमछमी



काठमाडौं/आगामी मंसिर ७ गतेदेखि प्रदर्शन हुन लागेको फिल्म 'तेल भिसा'को दोस्रो गीत 'तुकनको मुकुन मन पऱ्या' सार्वजनिक गरिएको छ । कृष्ण भारद्वाजको संगीत तथा निर्विकल्पम, कृष्ण भारद्वाज, शंकर अधिकारी (घायल) र नवीन बिकको शब्द रचना रहेको गीतमा शान्तिश्री परियार र साइराज खातीको गायन छ । लोक शैलीमा तयार पारिएको यो गीतका शब्द र भिडियो मौलिक हिसाबको छ ।

रामजी लामिछानेको नृत्य निर्देशन रहेको गीतमा फिल्मका शीर्ष अभिनेता विपिन कार्की, अभिनेत्री पूजा चन्दसहितका क्लाकारहरु नृत्य गर्दै प्रस्तुत छन् । गीतको सेटअपले बिहेको माहोल दर्शाउँछ । विपिन र पूजा श्रीमान्-श्रीमतीको रुपमा देखिएका छन् । गीतमा उनीहरु रोमान्टिक बनेका छन् । 'तुकनको मुकुन' गीतले फिल्मको 'हाइप' बनाउन ठूलो भूमिका खेल्नेमा निर्माण टिम विश्वस्त छ ।

शंकर घिमिरेको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा विपिन अर्धवैसे र जवान गरी दोहोरो भूमिकामा छन् । फिल्ममा वर्षा राउत, ऋचा घिमिरे, बुद्धि तामाङ, सुचित्रा उप्रेती लगायतको पनि अभिनय छ । यसअघि सार्वजनिक 'हरि नाम भजैं' गीतले फिल्मको कथासार बोलेको थियो, जसमा छोराको सन्तान हुने भएपछि अमेरिका गएकी आमाले भोग्नुपरेको कठिनाईलाई देखाइएको थियो ।

ऋचा घिमिरे प्रस्तुतकर्ता रहेको 'तेल भिसा'को निर्मातामा अनिल पाण्डे र शिवराज कार्की छन् । प्रिन्स युवराज कार्की र श्रुती दाहाल कार्यकारी निर्माता रहेको फिल्ममा सुशन प्रजापतिको छायांकन तथा अजय खड्काको सम्पादन छ । छोरी वा बुहारी सुत्केरी हुँदा बच्चा स्याहार्न आमाबुबालाई अमेरिका बोलाइन्छ, त्यसलाई व्यंग्यात्मक रुपमा तेल भिसा भनिन्छ । फिल्म यही विषयमा बनेको हो ।

# उद्घाटनको भोलिपल्टै बसपार्क बन्द, विरोध गर्नेविरुद्ध पक्राउ पुर्जी

पोखरा/बागलुङ नगर पालिकामा निर्माण सुरु भएको २३ वर्षपछि उद्घाटन भएको बसपार्क पनि भोलिपल्टै बन्द भएको छ । १८ भदौमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले उद्घाटन गरेको बागलुङ बसपार्क भोलिपल्टै बन्द भएको हो । उद्घाटन कार्यक्रमको फोहोरले बसपार्क कुरुप देखिएको थियो बसपार्कसम्म पुग्ने बाटो, टिकट काट्ने काउन्टरसमेत सञ्चालनमा आएको छैन । बसपार्क बने पनि बस पुरानै चिप्लेटी बसपार्कबाटै छुटिरहेका छन् भने असुविधाको कारण देखाउँदै वस व्यवसायी बसपार्कबाट गाडी छुटाउनसमेत मानिरहेका छैनन् ।

उपमेयर राजु खड्काले सडक, जग्गा व्यवस्थापनजस्ता विषयमा केही प्राविधिक समस्या देखिएको, बस व्यवसायीसँग छलफल भइरहेको बताए । 'नगरपालिकाले दिएको जाहेरीका विषयमा नगर प्रमुखलाई नै सोध्नुहोला । यो विषयमा मसँग छलफल पनि भएको होइन', खड्काले भने, 'बसपार्क नियमित सञ्चालनमा कसरी ल्याउन सकिन्छ भनेर लागिरहेका भने छौं ।'

नगरपालिकाका प्रशासन अधिकृत भीमसेन पन्तले अनलाइन टिकेटिङ भएका कारण बसपार्कमा भीड नदेखिएको हुनसक्ने र सुरक्षाका लागि सुरक्षा पोस्ट पनि बनाउने काम रहेको बताए । उनले जाहेरीका विषयमा आफूलाई जानकारी नभएको बतए । पूर्व मेयर जनक पौडेलले बसपार्क निर्माण सकिएर पनि बिनातयारी उद्घाटन गर्दा समस्या देखिएको बताए ।

२०७८ सालको असारमा बसपार्क सम्पन्न भएको तर बसपार्ककै विषय अख्तियार हुँदै विशेष अदालतसम्म पुगेपछि आफ्नो कार्यकाल सकिएको उनको भनाइ छ । 'बसपार्क निर्माण सकिएको सकिएको चौतर्फी दबाबपछि उद्घाटन त भयो । बिना तयारी उद्घाटन त गरियो तर भोलिपल्टै बन्द भयो', पूर्वमेयर पौडेलले भने, 'तलको बसपार्क सार्ने, काउण्टर राख्ने, लामो र छोटो दूरीका गाडी कहाँ कहाँबाट गर्ने भन्ने सहमति र तयारी नै भइसकेको थिएन ।' ३५ लाख रुपैयाँ खर्च गरेर अस्थायी बाटो बनाइएको भए पनि चल्न सक्ने अवस्था नरहेको पौडेलले बताए ।

'हाम्रै कार्यकालमा सम्झौताअनुसार निर्माण कार्य सम्पन्न भएको हो । यही बसपार्कको जग्गा व्यवस्थापनमाथि प्रश्न उठाउँदै अख्तियार हुँदै अदालतसम्म मुद्दा पर्दा उद्घाटन गर्न सकिएन,' पूर्व मेयर पौडेलले भने, 'हाम्रो कार्यकाल सकिएपछि पनि निर्माण सकिएको २ वर्षपछि मात्रै उद्घाटन भयो । तर, बिनातयारी उद्घाटन गर्दा सञ्चालनमै नआइ बन्द छ । त्यहाँबाट गाडी छुटाउन नसकिने व्यवसायीले बताइरहेका छन् । बाटो, काउन्टर केही छैन ।' पटकपटक म्याद थपेर तेस्रो भेरि एसनपछि ९ करोड २१ लाख ३५ हजारमा बसपार्क निर्माण सकिएको हो । तर, अझै पनि बसपार्कमा विभिन्न पूर्वाधार निर्माण गर्नुपर्ने काम नगरपालिकाले नगरेको स्थानीयको पनि आरोप छ ।

उपल्लाचौरको दापगरामा बसपार्क निर्माण गर्ने निर्णय भएपछि २०५७/५८ सालदेखि त्यहाँका स्थानीय जग्गा लिन सुरु भएको थियो । आधुनिक बागलुङ बसपार्क निर्माण गर्ने २० औं वर्ष पुरानो योजना २०७५ साल कात्तिकबाट सुरु भएको हो । २०६१ सालमा बागलुङका तत्कालीन प्रमुख जिल्ला अधिकारी प्रेमनारायण शर्माले शिलान्यास गरेको बसपार्क २०७५ फागुन १४ गते शहरी विकास मन्त्री मोहम्मत इस्तियाक्ले फेरि शिलान्यास गरेपछि यो बसपार्क चर्चामा आएको थियो । निर्माण सम्झौतादेखि सम्पन्न गर्ने बेलासम्म सधैं विवाद र चर्चाको केन्द्रमा रह्यो बागलुङ बसपार्क । बागलुङमा बसपार्क बनाउँन २०५९ सालमा ५२ जना स्थानीयले निशुल्क उपलब्ध गराएको ५९ रोपनी जग्गाबाट साढे १८ रोपनी जग्गामा बसपार्क निर्माण हुँदै थियो ।

बागलुङ नगरपालिका वडा नम्बर ४ मा उपल्लाचौर दाबगह्वा भन्ने ठाउँमा बसपार्कका लागि जग्ग दिने स्थानीयको जग्गा व्यवस्थापन पनि गरिदिनुपर्ने सम्झौता थियो । जग्गाको प्लानिङ गरेर स्थानीयलाई फिर्ता गर्ने सर्तमा सुरु भएको बागलुङ बसपार्कको निर्माण सम्झौता नै बिवादित बन्यो । करिब ७ करोड रुपैयाँ निर्माण ठेक्का दिइएकोमा डीपीआर नै गलत भएको भन्दै रिडिजाइन गरिएको थियो भने सेटिङमा ठेक्का सम्झौता गरिएको आरोप लागेको लाग्यो ।

बसपार्कको रिडिजाइन गर्दा निर्माण खर्च ७ करोडबाट करिब ११ करोड रुपैयाँ पुग्यो । बसपार्क निर्माणको जिम्मा फेवा जेभी पोखरले पाएको थियो । बोलपत्र मूल्यांकन र सिफारिस नै गलत भएको भन्दै आवाज उठ्यो । बसपार्क निर्माणमा जग्गा व्यवस्थापन गर्न जमिन सम्याउने, माटो पुर्ने, स्टिमेट गर्ने, मूल्यांकन र भुक्तानी गर्ने काममा मिलेमतो भएको विषय अख्तियारसम्म पुग्यो । अख्तियारले ५ लाख ९० हजार रुपैयाँ भ्रष्टाचार गरेको आरोपमा अघिल्लो कार्यकालका उपमेयरसहित ८ जनाविरुद्ध विशेष अदालतमा मुद्धा दायर गरेको थियो । अहिले उनीहरुले सफाइ पाइसकेका छन् । बसपार्क सञ्चालनमा नआएकामा नागरिक अभियन्ता एकबहादुर केसी (संगम) ले विरोध जनाएका थिए । उनले बसपार्कको फोहोर सफा गर्ने क्रममा उनले एक युट्युब च्यानललाई अन्तर्वार्ता दिने क्रममा शिलालेखमा फटाएर फाल्ने चेतावनी दिएका थिए । अहिले उनीविरुद्ध पक्राउ पुर्जी जारी भएको छ । *(स्रोत: अनलाइनखबर)*

# टिकटकले खुलायो नेपालका लागि जागिर

काठमाडौं/९ महिना लामो प्रतिबन्ध फुकुवा भएलगत्तै टिकटकले नेपालका लागि विशेष कर्मचारी तथा प्रतिनिधिहरु राख्न सुरु गरेको छ । हालै टिकटकले पब्लिक पोलिसी म्यानेजर (ग्लोबल पब्लिक पोलिसी) पदमा आवेदन मागेको छ । सामाजिक सद्भाव खलबल्याएको भन्दै सरकारले २७ कात्तिक २०८० मा टिकटक बन्द गरेको थियो । त्यसको करिब साढे नौ महिनापछि गत ६ भदौमा मन्त्रिपरिषद बैठकले शर्तसहित टिकटकमाथिको प्रतिबन्ध हटाउने निर्णय लिएको थियो । २१ भदौमा टिकटक्ले सबै सर्ब शर्त मान्न तयार रहेको बताउँदै पत्र दिएपछि टिकटकको प्रतिबन्ध हटेको थियो ।

सरकारले राखेको नेपालमा दर्ता हुनुपर्ने, 'प्वाइन्ट अफ कन्ट्याक्ट' अर्थात् सम्पर्क केन्द्र तोक्नुपर्ने, नेपालको पर्यटन प्रवर्द्धन, डिजिटल सुरक्षा, डिजिटल साक्षरता, सार्वजनिक शिक्षाका क्षेत्रमा सहयोग गर्नुपर्ने लगायतका शर्त मान्नसहमति जनाए लगत्तै टिकटकले नेपालका लागि कर्मचारीहरु राख्ने प्रक्रिया सुरु गरेको हो । टिककटको यूएईस्थित कार्यालयले गरेको विज्ञापनमा कति जना कर्मचारी मागिएको भन्ने खुलेको छैन । सेवा सुविधाबारे पनि उल्लेख छैन । पब्लिक पोलिसी म्यानेजरले नेपाल सरकारसँगको सम्बन्ध सुमधुर राख्ने र सरकारको नीतिको आधारमा तोकिएका जिम्मेवारी पूरा गर्नुपर्नेछ ।

टिकटकमा रहेका जोखिम तथा संकट व्यवस्थापन गर्ने र सरकारसँग सहकार्य र साझेदारी गर्दै कम्पनीको र प्रयोगकर्ताको हित प्रवर्द्धन गर्ने काम यस्ता कर्मचारीले गर्नेछन् । टिकटकलाई विश्वासिलो बनाउँदै नेपालमा यसको राजनीतिक, कानुनी, नियामकीय चुनौती सामना गर्ने जिम्मेवारी पब्लिक पोलिसी म्यानेजरको हुनेछ ।

सर्जक र प्रयोगकर्ताहरुको लागि रणनीतिहरु पहिचान गर्ने, अनुगमन गर्ने, विश्लेषण गर्ने क्षमता भएका व्यक्तिको खोजी टिकटकले गरेको छ । सार्वजनिक नीति वा सरकारी सम्बन्ध र वकालत कार्यमा प्रत्यक्ष अनुभव भएका व्यक्तिलाई टिकटकले मौका दिनेछ । नियुक्त हुनेहरुलाई सरकार, नीति निर्माता र मुख्य विचारकहरुसँग सम्बन्ध बनाउने जिम्मेवारी दिइनेछ जनसम्पर्क, कानुन, उत्पादन, इन्जिनियरिङ लगायतका आन्तरिक समूहहरुबीच सहकार्य गर्ने र प्राज्ञिक तथा गैरसरकारी संस्थासहित व्यावसायिक संघ संस्थासँग राम्रो सम्बन्ध कायम राख्न समेत भूमिका खेल्नुपर्ने छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*



# संचय कोषमा नि:शुल्क स्वास्थ्य शिविर

साझाकुरा संवाददाता

हेटौंडा, २७ भदौ/ कर्मचारी संचयकोषको ६३ औँ वार्षिकोत्सवको अवसरमा हेटौंडामा बिहीवार नि:शुल्क स्वास्थ्य शिविर गरेको छ । कोषका सञ्चयकर्ता लगायतको लागि स्वास्थ्य शिविर आयोजना गरिएको ।

स्वास्थ्य शिविरमा जनरल फिजिसियन सेवा, प्रेशर, सुगर, दम, रुघाखोकी, पेट, छाति, मुटु, उपचार तथा परामर्श सेवा नि:शुल्क जाँच गरिएको कर्मचारी संचयकोष हेटौडा शाखाप्रमुख डा. दिलिपराज पौडेलले जानकारी दिए । शाखा कार्यालय परिसरमा भएको स्वास्थ्य जाँच सीएमसी चुरेहिल हस्पिटलका डाक्टरको प्राविधिक टोलीले सेवा दिएका हुन् । शिविरमा सामान्य किसिमका रोगको औषधि दिइएको थियो भने जटिल रोगको लागि हस्पिटल रिफर गरिएको छ । शिविरबाट रिफर भएका विरामीको लागि अस्पतालले छुट सहितको सेवा उपलब्ध गराउने बताइएको छ ।



कर्मचारी मिलन केन्द्र मकवानपुरको समन्वय र सीएमसी चुरेहिल हस्पिटलको प्राविधिक सहयोगमा भएको शिविरको मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी लोकमान श्रेष्ठले उद्घाटन गरे । श्रेष्ठले नि:शुल्क स्वास्थ्य शिविरले स्वास्थ्य अवस्थालाई परोक्षरुपमा जाँच गरी स्वस्थ्य राख्न मद्दत पुर्‍याउने बताए । संचय कोष हेटौंडा शाखाप्रमुख डा. पौडेलले कोषले विगत ६२ वर्षदेखि देशको समृद्धिका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताए ।

शाखा कायालय हेटैडाकी उपप्रबन्धक नीमा डोल्मा शेर्पाले स्वास्थ्य शिविरमा सञ्चयकर्ताले आफ्नो स्वास्थ्य जाँच गराउँदै नि:शुल्क परामर्श र अन्य स्वास्थ्यसम्बन्धी सेवा प्राप्त गरेको बताए । कर्मचारी मिलन केन्द्रकी कार्यबाहक अध्यक्ष शान्ति बिकले नि:शुल्क स्वस्थ्य शिविरले कर्मचारीलाई स्वास्थ्यमा सम्बेदनशील हुन र स्वास्थ्यप्रति सदैब सचेत रहन प्रेरित गर्ने बताइन् ।

# विपद जोखिम न्यूनीकरणका लागि प्रविधिको प्रयोगसम्बन्धी छलफल

साझाकुरा संवाददाता

हेटौंडा, २७ भदौ/ बागमती प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयको आयोजनामा विपद जोखिम न्यूनीकरणका लागि प्रविधिको प्रयोगसम्बन्धी छलफल भएको छ । भू-उपग्रह प्रविधिमार्फत विपद न्यूनीकरणको क्षेत्रमा काम गरि रहेको जापानस्थित सिन्स्पेक्टिभ कम्पनीसँगको सहकार्यमा कार्यक्रम भएको हो ।

कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले बागमती प्रदेश विपद्को दृष्ट्रिकोणले जोखिमपूर्ण रहेको बताउँदै प्रविधिको प्रयोगले जोखिम न्यूनीकरणमा सहयोग पुग्ने बताए । आन्तरिक मामिला मन्त्री सुरजचन्द्र लामिछानेले प्रदेश सरकार प्रविधिको प्रयोग गरि जोखिम न्यूनीकरणका लागि अघि बढिरहेको बताउँदै कार्यक्रमले यसमा थप पृष्ठपोषण दिएको धारणा राखे ।

कार्यक्रममा बागमती प्रदेशसभा अन्तरगतको प्रदेश मामिला समितिका सभापति छिरिङदोर्जे लामाले समितिले प्रदेशमा विपदबार अध्ययन गरी प्रतिवेदन बुझाएको बताउँदै यस्तो प्रविधिको उपयोगले विपद न्यूनीकरणमा सहयोग पुग्ने बताए । बागमती प्रदेशका पूर्वस्वास्थ्य मन्त्री नीमा लामाले कार्यक्रमको औचित्यबारे प्रकाश पार्दै सिन्धुपाल्चोकमा भएका विपद्को घटनाको विश्लेषणमा सिन्स्पेक्टिभले काम गरेकोले यससँगको सहकार्यले प्रदेशमा विपद् न्यूनीकरण गर्न सकिने बताए ।

बागमती प्रदेशका मन्त्रीहरु, प्रमुखसचिव, सचिवहरु, सुरक्षा निकायका प्रतिनिधिलगायत सहभागी कार्यक्रममा सिन्स्पेक्टिभका महाप्रबन्धक भीन्सेन्ट केस्लरले कम्पनीले सिन्धुपाल्चोकमा विपदबारे गरेको अध्ययन र यसबाट प्राप्त तथ्यांक, बागमती प्रदेश सरकारसँग विपद् न्यूनीकरणका लागि गर्न सकिने सहकार्य लगायतको बारेमा प्रस्तुति दिएका थिए । उनले प्रदेश सरकारसँग तथ्यांक आदानप्रदानका लागि सिन्स्पेक्टिभले आफ्नो भू-उपग्रहको सदुपयोगका लागि सहकार्य गर्न चाहेको बताए ।

सिन्स्पेक्टिभ क्षेत्रीय बिक्री प्रवन्धक कपिल मल्लिकले कार्यक्रममा उठेका जिज्ञासाबारे सहजिकरण गरेका थिए । कार्यक्रममा सिन्स्पेक्टिभको भू-उपग्रहबाट प्राप्त तथ्यांकबाट पहिरो र हिमताल विस्फोटन जोखिम, सुख्खा क्षेत्रको अध्ययन गरी आगलागीको जोखिम जस्ता विपदबारे जानकारी प्राप्त गरी पूर्वतयारी गर्न सकिने जनाइएको छ । सिन्स्पेक्टिभले सिंगापुर, काजकिस्तान, जापान, फिलिपिन्स, भियतनाममा सशुल्क सेवा दिंदै आएको छ भने बागमती प्रदेश सरकारसँग समझदारी भएमा सहयोगको रुपमा काम गर्ने जनाइएको छ ।

# वातावरणीय अपराध रोकथामसम्बन्धी सचेतना

साझाकुरा संवाददाता

हेटौंडा, २७ भदौ/हेटौडा उपमहानगरपालिका-१३, स्थित लखन थापा पार्कमा वातावरणीय अपराध रोकथाम तथा नियन्त्रण सम्बन्धी बिहीबार एक दिवसीय तालिमको आयोजना गरिएको छ ।

तालिम इनोभेटिभ भिजन प्रालि काठमाडौंको आयोजना एवम् वातावरणीय सचेतनाको लागि एकीकृत विकास हेटौंडाको समन्वय तथा अमेरिकी सरकारको युएसएआइडीको सहयोगमा भएको हो । कार्यक्रम जिल्ला समन्वय समिति मक्वानपुरका प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्यतामा भएको हो । प्रमुखअतिथि घलानले वन, वन्यजन्तुका विषयमा बनेका कानुनका बारेमा सबैले जानकारी लिनुपर्ने बताए । उनले कतिपय अवस्थामा बनेका कानुनका विषयमा आमजनतालाई थाहा नहुँदा पनि समस्या हुने गरेको बताए ।




उनले मानव र वन्यजन्तुको द्वन्द्वका कारण हुने घटनामा मानवीय र धनजनको क्षति हुने गरेकोमा चिन्ता व्यक्त गर्दै सबै मिलेर वनजंगलको संरक्षण गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा वातावरणीय अपराध रोकथाम र नियन्त्रणमा स्थानीय समुदायको भूमिका र वातावरणीय अपराध नियन्त्रणका विषयमा प्रशासन सापकोटा र नेपालमा वातावरणीय अपराध तथा तिनको नियन्त्रण एवम् रोकथामका लागि हालसम्म भएका प्रयास र नेपालमा वातावरणीय अपराधलाई नियन्त्रण गर्ने मुख्य कानुनका विषयमा सोल्जर यादवले सहजीकरण गरेका थिए ।

वातावरणीय सचेतनाको लागि एकीकृत विकास हेटौंडा-६ का कोषाध्यक्ष रिपुप्रसाद गौतमलगायतको सहभागिता रहेको कार्यक्रममा स्थानीय ५६ जनाको सहभागिता रहेको आयोजकले जनाएको छ । संस्थाले यसअघि १० स्थानमा पाँचसय बढीलाई वातावरणीय अपराध रोकथामसम्बन्धी तालिम प्रदान गरिसकेको छ ।

# युवा र महिलालाई वनसँग जोड्नुपर्छः सांसद पाठक

साझाकुरा संवाददाता

हेटौंडा, २७ भदौ/ बागमती प्रदेशसभा सदस्य भारती पाठकले युवा र महिलालाई सामुदायिक वनसँग जोड्नुपर्ने बताएकी छिन् । वन व्यवस्थापनमा समुदायको भूमिका विषयक कार्यक्रमलाई सम्बोधन गर्दै वनमार्फत् आर्यआर्जनमा जोड्नुपर्ने बताइन् ।

प्राकृतिकस्रोतमा महिलाअधिकार सञ्जाल (डब्लूआर आरएन) को आयोजनामा बिहीवार हेटौंडा-६ चुच्चेखोला सामुदायिक वन उपभोक्ता समूहको हलमा भएको कार्यक्रममा सांसद पाठकले वनको दिगो व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा समुदायले जानकारी दिनुपर्ने बताइन् ।

देशभर रहेका वन उपभोक्ता समूहले नै वन जोगाएर हराभरा बनाएको बताउँदै उनले अव समुदायले व्यवस्थापनको पाटोमा पनि काम गर्नुपर्नेमा जोड दिइन् । उनले वनमा उमेर पुगेका रुख निकाल्ने, जडिबुटी रोप्ने र वन व्यवस्थापन गर्दै आयआर्जनमा जोडिनुपर्ने बताइन् ।



कार्यक्रममा डा.योगेन्द्र यादवले दिगो वन व्यवस्थापनका विषयमा सहजिकरण गरेका थिए । चुच्चेखोला सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष लक्ष्मण कटुवाल, प्रगतिशील युवा क्लवका अध्यक्ष नवराज तिमल्सिना, समूहका उपाध्यक्ष उमेश अधिकारीलगायतले वन समूहका बारेमा बोलेका थिए । चुच्चेखोला सामुदायिक वन उपभोक्ता समूह कार्यसमिति, उपसमिति, प्रगतिशील युवा क्लवका ३० जनाको सहभागिता रहेको कार्यक्रम चुच्चेखोला सामुदायिक वन उपभोक्ता समूहका कार्यालय सचिव केदारप्रसाद गौतमले संचालन गरेका थिए ।

# १० वर्षपछि युवा संघ मकवानपुरको अधिवेशन

साझाकुरा संवाददाता

हेटौंडा, २७ भदौ/नेपाल कम्युनिस्ट पार्टी एमालेको भातृ संगठन राष्ट्रिय युवा संघ मकवानपुरको १० औं जिल्ला अधिवेशन भोलि २८ भदौबाट सुरु हुँदैछ ।

दुई दिनसम्म चल्ने अधिवेशन राष्ट्रिय युवा संघ केन्द्रीय अध्यक्ष क्षितिज थेबेले उद्घाटन गर्नेछन् । हेटौडा-१३ पदमपोखरीमा हुने अधिवेशनको सम्पूर्ण तयारी सकिएको बिहीबार आयोजित पत्रकार भेटघाटमा जानकारी दिइएको हो । अधिवेशनमा जिल्लाभरबाट २५० प्रतिनिधिले भाग लिने आयोजक कमिटी संयोजक राजेश नगरकोटीले बताए । अधिवेशनले आगामी २ वर्षको लागि ६ पदाधिकारी सहित ७५ सदस्यीय जिल्ला कमिटी चयन गर्नेछ ।

जिल्लाको विभिन्न स्थानीय तहबाट आएका प्रतिनिधिलाई सहजताको लागि आयोजकले पदमपोखरीदेखि हेटौंडासम्म नि:शुल्क बससेवा उपलब्ध गराएको नगरकोटीले बताए । केन्द्रीय अध्यक्ष थेबेलाई युवा संघले पदमपोखरी गुम्बाचोकमा पहिलो स्वागत गर्नेछ । त्यसपछि झाँकीसहितको मोटरसाइकल र्‍यालीले बजार प्रवेश गराउदै कार्यक्रमस्थल लगिने तयारी छ । युवा संघको अधिवेशन सम्बन्धमा पार्टी उपसचिव आरती पाठक, युवा संघका केन्द्रीय लेखाआयोग संयोजक सन्तोष चौलागाईंलागायतले धारणा राखे ।

# परिषद्का सदस्यसचिवले गरे पदभारग्रहण

साझाकुरा संवाददाता

हेटौंडा, २७ भदौ/ बागमती प्रदेश खेलकुद विकास परिषद्का नवनियुक्त सदस्यसचिव दीपक लामाले बिहीबार पदभारग्रहण गरेका छन् । लामाले हेटौंडा उपमहानगरपालिका-६, गौरीटार रंगशालास्थित परिषद्को कार्यालयमा पदभारग्रहण गरेका हुन् ।

प्रदेशका युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महर्जनले लामालाई कार्यकाल सफलताको शुभकामना दिए । मन्त्री महर्जनले परिषद्बाट हुने खेलकुदसँग सम्बन्धित सम्पूर्ण गतिविधिलाई तीब्रताका साथ अघि बढाउन सदस्यसचिव लामालाई आग्रह गरे । पदभार ग्रहण गरेसँगै सदस्यसचिव लामाले दसौं राष्ट्रिय खेलकुद प्रतियोगिताको लागि आवश्यक तयारी गर्नका लागि अपुग करिब ९ करोड रुपैयाँ मन्त्रालयसँग माग गर्ने पहिलो निर्णय गरेका छन् ।

परिषद्मा प्रतियोगिताको लागि आवश्यक तयारी गर्न ३ करोड ५७ लाख रुपैयाँ रहेको र करिब ९ करोड रुपैयाँ अपुग भएकाले मन्त्रालयसँग माग गरिएको परिषद्का कार्यालयप्रमुख बद्री पाठकले बताए । बुधबार बसेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को बैठकले लामालाई सदस्यसचिव नियुक्त गर्ने निर्णय गरेको हो । बैठकले नुवाकोटको बेलकोटगढी नगर पालिका-७ निवासी लामालाई प्रदेश खेलकुद विकास ऐन, २०७५ को दफा ३ को उपदफा २ को खण्ड (ञ) अन्तरगत ५ वर्षे कार्यकालको लागि नियुक्त गरिएको हो ।


## सूचना ! सूचना !! सूचना !!!

*अब किन जानु पर्‍यो विदेश ?*

हामी कहाँ आउनूस्

छानीछानी सुमो किनेर

आफैं साहु बन्नूस्




हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुपमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्

**Singhabahini Moto Corp Pvt. Ltd.**

९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७


## १८औं वार्षिक साधारणसभा सम्बन्धी सूचना !

यस संस्थाको स्वीकृत विनियम २०६३ को परिच्छेद ७ दफा ३० व्यवस्था भए अनुसार यस संस्थाको मिति ०८१/०४/१९ गते बसेको सञ्चालक समितिको वैठकको निर्णय अनुसार देहायका प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्न यस संस्थाको १८ औं वार्षिक साधारण सभानिम्न मिति, समय र स्थानमा हुने भएकाले सम्पूर्ण शेयर सदस्य महानुभावहरुको अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारण सभा हुने :**

मिति : २०८१/०५/२९ गते शनिवार
समय : बिहान ८:०० बजे
स्थान : रोयल पार्टिप्यालेस, हेटौंडा ४

**छलफलका प्रस्तावहरु :**

१. साधारण सभाको वैधानिकता सम्बन्धमा ।
२. निर्णय प्रमाणित गर्न सदस्यहरुको छनौट सम्बन्धमा ।
३. अध्यक्षको भनाई सहितको प्रतिवेदन सम्बन्धमा ।
४. वार्षिक प्रगति तथा नीति कार्यक्रम सहितको सचिवको प्रतिवेदन सम्बन्धमा ।
५. आर्थिक प्रतिवेदन तथा वार्षिक अनुमानित बजेट सहितको कोषध्यक्षको प्रतिवेदन सम्बन्धमा।
६. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
७. आ.व.०८०/०८१ को वार्षिक लेखा परीक्षण प्रतिवेदन पारित सम्बन्धमा ।
८. आर्थिक वर्ष ०८१/०८२ को साधारण सभा पुर्वको पेश्की बजेट खर्च अनुमोदन सम्बन्धमा ।
९. आगामी आ.व. ०८२/०८३ को साधारण सभा पुर्वको पेश्की बजेट सम्बन्धमा ।
१०. लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा ।
११. शेयर लाभांश एवं संरक्षित पूंजी फिर्ता कोष वितरण सम्बन्धमा ।
१२. संस्था सञ्चालन आन्तरिक कार्यविधि पारित गर्ने सम्बन्धमा ।
१३. समितिको सेवा सुविधा निर्धारण सम्बन्धमा ।
१४. प्रतिनीधि चयन अख्तियारी सम्बन्धमा ।
१५. सहकारी एकीकरण सम्बन्धमा ।
१६. विविध ।

सिताराम दाहाल
(सचिव)

**हातेमालो बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-२, संगमचोक, मकवानपुर
सम्पर्क नं. ०५७-५२६५२१, ०५७-५९१५२१






साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना